अजिरकोट गाउँपालिका
Ajirkot Rural Municipality
गाउँकार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
भच्चेक, गोरखा
Bhachchek, Gorkha
गण्डकी प्रदेश, नेपाल
(Gandaki Province, Nepal)

प.सं.(Reference No.) : २०७९/०८०
च.न.

मिति :- २०८०/०१/११

# फर्क युवा अभियान अर्न्तगतको स्वरोजगार अनुदान सम्बन्धी सूचना

प्रस्तुत विषयमा अजिरकोट गाउँपालिकाको आ.व. २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत फर्क युवा अभियान स्वरोजगार अनुदान प्रदान गर्न लागिएको हुदाँ **अजिरकोट गाउँपालिकाको वैदेशिक रोजगारीबाट फर्केका युवाको लागि स्वरोजगार कार्यक्रम (फर्क युवा अभियान ) सञ्चालन कार्यविधि-२०७८** बमोजिम इच्छुक युवायुवतीहरुले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र यस गाउँपालिकाको प्रशासन शाखामा अनुसुची- २ बमोजिमको शर्तको अधिनमा रहि अनुसुची-३ बमोजिमको कागजात पेश गरी अनुसुची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्नहुन अनुरोध छ ।

२०८०।०१।११

(नवराज अवस्थी)
प्रमुख प्रशासकीय अधिकृत

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूचि १ : अनुदानको लागि निवेदनको ढाँचा
### (परिच्छेद ५ दफा ७ (ख) बमोजिम)

हालसालै खिचेको पासपोर्ट साईजको फोटो

श्री प्रमुख प्रशासकीय अधिकृत,
अजिरकोट गाउँपालिका गोरखा ।

विषय - अनुदान रकम उपलब्ध गराउने बारे ।

उपरोक्त सम्बन्धमा स्थाई ठेगाना जिल्ला गोरखा अजिरकोट गाउँपालका वडा नं ......, ....................टोल निवासी ..........................................को नाति/नातिनी.......................................को छोरा/छोरी वर्ष ........को म.........................................( विवाहित महिलाको हकमा ..............................को बुहारी......................................को श्रीमती वर्ष ........को म....................................) तपसिल विवरण अनुसार बैदेशिक रोजगारीमा रहेको र हाल नेपाल फर्की अजिरकोट गाउँपालिका वडा नं......., ....................टोलमा.....................................................................नामको........................... .....सम्बन्धी व्यवसाय/उद्योग संचालन गर्दै अएकाले फर्क युवा अभियान अन्तर्गतको स्वरोजगार अनुदान प्रदान गरिदिनहुन बिनम्र अनुरोध छ ।

**<u>तपसिल</u>**

| त्र.स. | बैदेशिक रोजगारीको लागि गएको मुलुक | शहर | रोजगारीको क्षेत्र वा विषय | गएको मिति | फर्केको मिति | जम्मा अवधि (वर्ष, महिना र दिन लेख्ने) | कफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

आज्ञले

दस्तखत ...................................

नाम-

ठेगाना-

फोन नं.-

छाप -

## अनुसूचि २ : अनुदान प्राप्त गर्न पूरा गर्नुपर्ने अवस्था वा शर्तहरु
### (परिच्छेद ५ दफा ७ (ज) बमोजिम)

१) स्थायी ठेगाना अजिरकोट गाउँपालिकाभित्रको हुनुपर्नेछ । व्यवसाय वा उद्योग अजिरकोट गाउँपालिकाभित्र हुनुपर्नेछ ।

२) बैदेशिक रोजगारीमा सम्बन्धीत युवा अनिवार्य गएको र आएको प्रमाण ( पासपोर्टको छायाप्रति) हुनुपर्दछ ।

३) भ्रमण, कार्यशाला, गोष्ठी वा तालिममा विदेश यात्रा गरेकालाई बैदेशिक रोजगारी ठहरिने छैन ।

४) आफुनै नाममा व्यवसाय हुनु अनिवार्य छ । साझेदारीमा रहेका व्यवसाय वा उद्योगलाई पनि आफुनै नाममा व्यवसाय भएको सरह मानिनेछ ।

७) व्यवसाय वा उद्योग अजिरकोट गाउँपालिका वा मान्यता प्राप्त निकाय/कार्यालयमा अनिवार्य दर्ता र निवेदन पेश गर्दाको मितिसम्म नविकरण भएको हुनुपर्नेछ ।

८) निवेदकको उमेर १८ वर्ष पूरा भई ६० वर्ष नलागेको हुनुपर्नेछ ।

९) निवेदन पेश गर्ने आ.व.मा अजिरकोट गाउँपालकाबाट व्यवसाय वा उद्योग लक्षित कुनै अनुदान प्राप्त गरेको भए अनुदान प्रकृयामा समावेश गरिने छैन ।

अनुसूचि ३ : निवेदनसँग पेश गर्नुपर्ने कागजातहरु
(परिच्छेद ५ दफा ७ (ख) बमोजिम)

१. नागरिकताको प्रमाणपत्रको छायाप्रति
२. सम्बन्धीत वडा कार्यालयको सिफारिस
३. व्यवसाय वा उद्योग दर्ताको प्रमाणपत्रको छायाप्रति
४. बैदाशिक रोजगारीमा आएको र गएको प्रस्ट हुने गरि पासपोर्टको छायाप्रति
५. उपलब्ध भएसम्म बैदेशिक रोजगारीमा काम गर्दाको सम्बन्धित प्रमाण पत्र वा कुनै कागजात हुनुपर्नेछ ।
६. व्यवसाय वा उद्योग देखिने कम्तीमा २ वटा प्रकाशित रङ्गीन फोटो
७. निवेदन पेश गर्ने आ.व.मा अजिरकोट गाउँपालिकाबाट व्यवसाय वा उद्योग लक्षित कुनै अनुदान प्राप्त गरेको भए सो को प्रमाण खुल्ने कागजात